मल्लरानी गाउँपालिकाको सातौं गाउँ सभामा प्रस्तुत

# आर्थिक वर्ष २०७७/७८ को

# बजेट तथा कार्यक्रम

मल्लरानी गाउँपालिका

## मल्लरानी गाउँपालिका

**खलंगा, प्यूठान**

गाउँसभाबाट स्विकृत मितिः २०७७ साल असार ११ गते

# मल्लरानी गाउँपालिका उपाध्यक्ष श्री सरिता जि.सी ले मिति २०७७/०३/१० गते मल्लरानी गाउँपालिकाको गाउँसभामा पेश गर्नु भएको आर्थिक वर्ष २०७७/७८ को बजेट तथा कार्यक्रम ।

**मल्लरानी गाँउपालिकाका गरिमामय गाँउसभाका अध्यक्ष महोदय,**

गाउँसभाका सदस्यज्यूहरु,

सम्पूर्ण राष्ट्रसेवक कर्मचारी तथा उपस्थित सम्पूर्ण महानुभावहरु ।

१. गाँउसभामा उपस्थित हुनु भएका गाँउसभाका सदस्य तथा सम्पूर्ण महानुभावहरुमा अभिवादन व्यक्त गर्दछु । मल्लरानी गाँउपालिकाको सातौं गाँउसभामा उपाध्यक्षको हैसियतले आगामी आर्थिक वर्ष २०७७/०७८ को बजेट प्रस्तुत गर्ने अवसर पाउँदा गौरवान्वित भएको छु । लोकतान्त्रीक गणतन्त्र स्थापनाका लागि भएका जनआन्दोलनको मर्मलाई सम्मान गर्दै शहीदहरुले गर्नु भएको त्याग, बलिदानी र जीवन उत्सर्गको उच्च सम्मान सहित हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु ।

२. निर्वाचनका प्रतिवद्धता बमोजिम मुलुकमा राजनीतिक स्थिरता र समृद्धि तर्फको यात्रा उत्सादप्रद देखिएको छ । नेपालको संविधान २०७२ बमोजिम संघीय संरचनाका मुख्य सिद्धान्तहरु सहकारिता, समन्वय र सहअस्तित्व "**३स**" मा आधारित शासन पद्धतिलाई मुलुकको मार्गनिर्देशक सिद्धान्तको रुपमा लिइएको छ । साथै, संविधानमै स्थानीय तहको स्पष्ट अधिकार, जिम्मेवारी र आर्थिक कार्यप्रणालीको स्पष्ट व्यवस्था गरिएको छ ।

३. मल्लरानी गाँउपालिकालाई संघ तथा प्रदेशबाट विनियोजित बजेट बाँडफाँटमा संवैधानिक कार्यक्षेत्र, निर्देशक सिद्धान्त तथा नीतिहरु, संघ तथा प्रदेशको सोच, क्षेत्रगत दीर्घकालीन योजना, आन्तरिक स्रोतको अवस्था, स्थानीय आवश्यकता र प्राथमिकताका क्षेत्रहरुको आधारमा स्रोतको परिचालन गर्नु आवश्यक छ ।

४. विश्वव्यापी महामारिको रुपमा फैलिएको कोरोना भाइरस (कोभिड १९) वाट विश्वले एकैपटक मानविय र आर्थिक संकटको सामना गर्नुपरेको छ । यस संकटवाट स्वास्थ्य क्षेत्र, विकास निर्माणका क्रियाकलाप, गुणस्तरिय सेवा प्रवाह, कृषि उत्पादन, उत्पादकत्वमा कमि आइ विकासका समग्र सुचक पद्धतिमा गम्भिर प्रभाव परेको छ ।

५. स्थानिय सरकारको रुपमा मैले चौथो वर्षको बजेट प्रस्तुत गरिरहदा कोरोना वाट नागरिकको जिवन रक्षा गर्ने र विकास कार्यहरुलाइ गुणस्तरिय रुपमा, व्यापक सहभागिता सहित कार्यान्वयन गर्ने र स्थानिय स्तरमा रोजगारी तथा स्वरोजगार सिर्जना गर्दै विदेशवाट आफ्नो मातृभूमिमा फर्के आउनुभएका दाजुभाइ तथा दिदि बहिनीहरुलाइ व्यवसायीक कृषि र पशुपालनमा संलग्न गराउनुपर्ने विषयहरुमा गहन जिम्मेवारी वोध गरेकोछु ।

६. बजेट तर्जुमा गर्दा मैले मुलतः नेपालको संविधान र कानुन, सघीय सरकार, प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, विनियोजन विधयेक २०७६ का सिद्धान्त र प्राथमिकता, स्थानीय सरकारवाट निर्मित ऐन,नियम, कानुन ,कार्यविधि , मापदण्ड, निर्देशन, गाउँसभा र कार्यपालिकाका निर्णयहरु , दिगो विकास लक्ष , स्थानीय आम नागरिकको चासो र आवश्यकता लाइ मुख्य आधार वनाएको छु । विगत ३ वर्षमा स्थानीय सरकारले गरेको कार्यानुभव, विभिन्न क्षेत्रका सरोकारवालाहरु वाट प्राप्त महत्वपुर्ण सुझाव समेतलाइ बजेट निर्माणमा विशेष ध्यान दिएको छु ।

७. अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, चालु खर्चमा मितव्ययीता ल्याउने , पुँजिगत खर्चको अंश वढाउने , स्थानीय स्रोत, श्रम,सिपको प्रयोग गरि विकास योजना संचालन गर्ने , फजुल खर्च नियन्त्रण गर्ने गरी बजेट प्रस्तुत गरेकोछु । कार्यक्रम छनोट, साधन स्रोतको वाँडफाँड र विनियोजनमा देखिने दोहोरोपनलाइ न्युनिकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता स्रोत तथा विनियोजनका विचमा सन्तुलन कायम हुने गरी स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु ।

**अध्यक्ष महोदय, अब म चालु** आर्थिक वर्ष **०७७।०७८ को आय व्ययको यथार्थ स्थिति प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

८. अब म चालु आर्थिक वर्ष २०७६/०७७ मा विनियोजित बजेटको समीक्षा र गाँउपालिकाको विद्यमान अवस्थाबारे जानकारी गराउने अनुमति चाहन्छु ।

९ .मल्लरानी गाँउपालिकाको जिम्मेवारी र खर्चको आवश्यकताको तुलनामा गाँउपालिकाभित्र न्यून आन्तरिक आय संकलन हुने, संघ तथा प्रदेशबाट विनियोजित बजेटको सिमा भित्र रहेर कार्यक्रमहरु तर्जुमा गर्नुपर्ने, संस्थागत हुने क्रममा रहेको संरचनागत तथा कार्यप्रक्रियागत सीमितता, संघीय सरकारबाट आवश्यक जनशक्ति परिचालन हुन नसकेको यथार्थता र निर्वाचित जनप्रतिनिधिहरु उपर आम जनताको उच्च अपेक्षाका बीच चालु आर्थिक वर्षमा संचालित कार्यक्रमहरुको हालसम्मको प्रगति उपलब्धिमूलक र उत्साहप्रद देखिएको छ ।

१०. चालु आ.व का लागि संघिय सरकारवाट विनियोजन भएको समानिकरण अनुदान ७ करोड ८७ लाख सवै प्राप्त भएको , राजश्व वाँडफाँड तर्फ ६ करोड ३० लाख मध्य ५ करोड २३ लाख ३३ हजार प्राप्त भएको र ससर्त अनुदान ११ करोड ४६ लाख मा ११ करोड ९८ लाख प्राप्त भएको छ । साथै प्रदेश तर्फ समानिकरण तर्फ ४१ लाख ३६ हजार पुरै प्राप्त भएको , ससर्त अनुदान तर्फ ८० लाख मध्य ५० लाख ३४ हजार र राजश्व वाँडफाँड तर्फ ३७ लाख २१ हजार मध्ये ३१ लाख प्राप्त भएको छ ।

११. गाँउपालिकाको कुल राजस्वको अनुमान रु ४५ लाख रहेकोमा २०७७ जेष्ठ मसान्त सम्म रु २२ लाख आन्तरीक आय संकलन भएको छ ।

**अध्यक्ष महोदय,**

१२. यस गाँउपालिकाको नीति तथा कार्यक्रम बमोजिम उपलब्ध श्रोतलाई अधिकतम परिचालन गरी मल्लरानी गाँउपालिकालाई नमूनाको रुपमा विकास गर्न "**कृषि, वन, पर्यटन र पूर्वाधार, सामाजिक विकास र सुशासन समृद्ध मल्लरानीको आधार**" भन्ने दीर्घकालीन सोंचका साथ आगामी आर्थिक वर्ष २०७७/०७८ को लागि तयार गरिएको वार्षिक बजेट तथा कार्यक्रमको उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्न चाहन्छु । बजेट तथा कार्यक्रमका उद्देश्यहरु देहाय बमोजिम रहेका छन् ।

(क) सडक यातायात गुरुयोजना, पर्यटन गुरु योजना तयार गरी सोही आधारमा भौतिक पूर्वाधार निर्माण तथा स्तरोन्नती गर्ने ।

(ख) आत्मनिर्भर कृषि व्यवसाय र उत्पादन, संरक्षण तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने ।

(ग) सामाजिक समावेशीकरण र लैंगिक मूलप्रवाहीकरण गर्न लक्षित वर्गको हित अनुकूल हुनेकार्यक्रम संचालन गर्ने ।

(घ) फोहोरमैला व्यवस्थापन, विपद् व्यवस्थापन, वातावरण संरक्षण तथा सरसफाइ प्रवर्द्धनमा जोड दिने ।

(ङ) सेवा प्रवाहलाई प्रभावकारी बनाउने ।

१३. बजेट तथा कार्यक्रमका मुख्य प्राथमिकताका क्षेत्रहरु देहाय बमोजिम पहिचान गरेको छु ।

(क) आधारभुत स्वास्थ्य तथा सरसफाइ, कोभिड १९ को रोकथाम र नियन्त्रण संग सम्वन्धित स्वास्थ्य कार्यक्रमहरु

(ख) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य र सहकारी

(ग) ज्यष्ठ नागरिक, फरक क्षमता भएका व्यक्ति, अशक्त र असहायहरुको संरक्षण

(घ) विपद व्यवस्थापन, वन तथा वातावरण,

(ङ) स्थानीय स्तरका विकास आयोजना र परियोजना, स्थानीय सडक, ग्रामिण सडक, कृषि सडक र सिचाई मार्फत पूर्वाधार विकाश र गुणस्तरीय सेवा प्रवाह

(च) शिक्षा, खानेपानी,

(छ) सेवाप्रवाह, संस्थागत विकास र सुशासन ,

(ज) स्थानीय स्रोत साधनमा आधारित भई जनसहभागिता अभिवृद्धि,

(झ) लैंगिक समानता, सामाजिक समावेशीकरणको विकास मार्फत समतामुलक समाजको निर्माण,

(ञ) गाँउपालिका भित्रको संस्कृति र पहिचान प्रवर्द्धन ।

**अध्यक्ष महोदय,**

अब म बजेट तर्जुमाका क्रममा अपनाइएको सिद्धान्त र प्रक्रियाका विषयहरु उल्लेख गर्न चाहन्छु।

१४. बजेट तथा कार्यक्रम तर्जुमाका लागि राजस्व परामर्श समितिको बैठकको सिफारिशका आधारमा करको दर तथा दायराका विषयहरु दीगो हुनेगरी सामान्य हेरफेर गरिएको छ ।

१५. आयोजना तथा कार्यक्रमहरुको छनौट गर्दा बस्तीस्तरबाट आएका आयोजना तथा कार्यक्रमहरुलाई वडा समितिबाट प्राथमिकीकरण र स्वीकृत गरी गाउँ कार्यपालिकामा पेश गर्ने व्यवस्था मिलाएको छु ।

१६. प्यूठान जिल्लामा क्रियाशील राजनीतिक दलहरुसँगको अन्तरक्रिया, सरोकारवालाहरुसँगको छलफलबाट आयोजना तथा कार्यक्रम पहिचान गरिएको छ ।

१७. संघबाट सर्शत अनुदान तर्फ कृषि, पशु, वातावरण तथा सरसफाई, विद्यालय क्षेत्र विकास कार्यक्रम, एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम तथा क्षयरोग नियन्त्रण, बैकल्पिक उर्जा, उद्योग, प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि बजेट विनियोजन भई आएको छ । त्यसैगरी, प्रदेशबाट सशर्त अनुदान तर्फ कृषि, पशुसेवा, खानेपानी निर्माण लगायतका कार्यक्रममा बजेट विनियोजन भई आएको छ ।

१८. गाउँपालिका तथा अन्य निकायबाट संचालित कार्यक्रमहरु बीच परिपूरक सम्बन्ध स्थापना गर्न गाउँपालिकाक्षेत्रभित्र विषयगत कार्यालयबाट संचालन गरिने कार्यक्रमहरु अनिवार्य रुपमा गाउँपालिकासँग समन्वय गरी संचालन गर्न लगाउने र गाउँ क्षेत्रभित्र सञ्चालित गैर सरकारी क्षेत्रका कार्यक्रमहरुलाई स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को व्यवस्था अनुरुप एकद्वार प्रणालीमार्फत कार्यक्रम स्वीकृति तथा नियमन गर्ने नीति लिएको छु ।

**अध्यक्ष महोदय,**

१९. अब म आगामी आर्थिक वर्ष २०७७।०७८ का लागि विनियोजित बजेट तथा कार्यक्रमहरु प्रस्तुत गर्ने अनुमती चाहन्छु ।

२०. स्रोत, बजेट तथा सीमा निर्धारण समितिको सिफारिश तथा गाउँ कार्यपालिकाको निर्णय बमोजिम गाउँपालिकास्तरका ठूला तथा गौरवका आयोजना र कार्यक्रमहरुमा बजेट विनियोजनमा जोड दिइएको छ । प्रत्येक वडालाई जनसंख्या र भूगोलको आधारमा न्यूनतम रु ५० लाख र अधिकतम रु ६५ लाख बजेट निर्धारण कार्यक्रम संचालन गर्ने व्यवस्था मिलाएको छु ।

**पूर्वाधार विकास**

२१. गाउँपालिका भित्रका चक्रपथ, मुख्य सडकहरु लगायत ठूला आयोजनाहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गर्न पूँजीगत अनुसन्धानतर्फ रकम विनियोजन गरेको छु ।

२२. मल्लरानी गाउँपालिका भित्रका सबैजसो क्षेत्रहरुलाइ सडक संजाल संग जोड्ने उदेश्यका साथ सडक तथा पूर्वाधार विकास तर्फ रु ८६ लाख ६० हजार विनियोजन गरेको छु ।

२३. भौतिक पूर्वाधारहरुको स्तरोन्नति गरी बाह्रै महिना सडकमा सवारी साधन चल्ने बनाउन सडक पूर्वाधारहरुको निर्माण गर्दा दीगोपना तथा वातावरणीय पक्षलाई ध्यान दिईनेछ, त्यसको लागि मर्मत संभार कोषको त्यसको व्यवस्था गरेकोछु । मर्मत संभार कोष संचालनका लागि कार्यविधि तर्जुमा गरिनेछ ।

२४. उर्जा विकास, खानेपानी तथा सरसफाइमा र सिंचाई मा आवश्यक बजेट विनियोजन गरेको छु ।

**आर्थिक विकास**

२५. मल्लरानी गाउँपालिकामा " "**कृषि, वन र पर्यटन पूर्वाधार, सामाजिक विकास समृद्ध मल्लरानीको आधार**" नारा लाइ सार्थक वनाउनका लागि कृषि, पर्यटन, उद्यमशीलताका क्षेत्रमा केन्द्रित भई कार्यक्रमहरु संचालन गरिनेछ । कृषिको आधुनिकीकरण, व्यावसायीकरण, यान्त्रिकीकरण र विविधीकरणमा जोड दिने तथा लागत सहभागिताको आधारमा प्रविधि हस्तान्तरणमा अनुदान उपलब्ध गराउने नीति लिएको छु ।

२६. युवा लक्षीत व्यवसायिक खेती प्रवर्द्धन कार्यक्रम का लागि रु. आठ लाख बजेट विनियोजन गरेकोछु। साना तथा मझौला कृषकको आयस्तर वृद्धिको लागि कृषक समुह, व्यवसायिक कृषकलाई मौसमि तथा वेमौसमि तरकारी,खाद्यान्न बाली पचास प्रतिशत अनुदानमा वितरण गर्न आवश्यक रकम विनियोजन गरेकोछु ।

२७. कृषकलाइ प्रोत्साहन गर्नका लागि बाली विमा गर्ने कृषकलाइ विमा प्रिमियम रकममा दश प्रतिशत सहयोग गर्ने व्यवस्था मिलाएको छु । व्यवसायिक बाख्रापालक , वंगुरपालक, लेयर्स कुखुरापालक कृषकहरुलाइ खोर सुधारको लागि आवश्यक रकम विनियोजन गरेकोछु ।

२८. पशुपालन व्यवसायलाइ व्यवसायमुखि वनाउन आवश्यक तालिमको व्यवस्था मिलाएको छु साथै एक वर्षे, वहु वर्षे घाँसको विउ,वेर्ना को लागि आवश्क रकम विनियोजन गरेको छु ।

२९. पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय स्थल संरक्षण तथा संभाव्य पर्यटकीय स्थलको पहिचान, पार्क तथा उद्यान निर्माण, गाउपालिकाक्षेत्र भित्र सांस्कृतिक विकास र पर्वहरुको संरक्षणका कार्यक्रमहरु संचालन गर्न आवश्यक बजेट विनियोजन गरेको छु ।

३०. मल्लरानी गाउँक्षेत्रको विकासका लागि सार्वजनिक निजी साझेदारी, सहकारी क्षेत्रको प्रवर्द्धन र व्यवसायमैत्री कार्यक्रमहरु संचालन गरिनेछ ।

**सामाजिक विकास**

३१. मल्लरानी गाउँक्षेत्रमा महिला, दलित, अपांगता भएका व्यक्ति, आदिवासी जनजाती र ज्येष्ठ नागरिक लक्षित कार्यक्रमहरु संचालनका लागि रु २५ लाख विनियोजन गरेको छु ।

३२. ज्येष्ठ नागरिक सम्मान कार्यक्रम, ज्येष्ठ नागरिकहरुलाई निःशुल्क आँखा उपचारलाई निरन्तरता दिएको छु । लैंगिक हिंसा पिडित महिलाहरुका लागी अल्पकालिन आवास गृह, लैंगिक हिंसा निवारण कोषको स्थापना महिलाहरुका लागी सिप विकास तालिम तथा क्षमता विकास तालिमको व्यवस्था गरेको छु ।

३३. शिक्षिका प्रसुति प्रोत्साहन कार्यक्रमलाई आवश्यक रकम विनियोजन गरेकोछु ।

३४. शिक्षा क्षेत्रमा पेशागत वृतिविकास कार्यक्रमका लागि आवश्यक रकम विनियोजन गरेकोछु ।

३५. सुचना प्रविधिमैत्री विद्यालय कार्यक्रमको लागि आवश्यक रकम विनियोजन गरेकोछु ।

३६. गाउँपालिकाले नियुक्त गरेका शिक्षकको पोशाक भत्ताको व्यवस्था गरेकोछु ।

३७. मल्लरानी गाउँपालिका भित्र रहेको एकमात्र क्याम्पस प्यूठान क्याम्पस लाई भौतिक संरचना निर्माणका लागि रु दश लाख रुपैयाँ विनियोजन गरेकोछु ।

३८. अपांगता भएका ब्यक्ति लक्षित कार्यक्रमहरु तर्फ सीप विकास तथा क्षमता विकास तालिम र सहायता सामाग्री हस्तान्तरण, बैद्धिक अपांगता भएका ब्यक्तिहरुको लागि आवास गृह ब्यवस्थापनका लागी बजेट विनियोजन गरेको छु ।

३९. बाल श्रमको अन्त्य, बाल बिवाहको अन्त्य, बालमैत्री पूर्वाधारहरुको निर्माणमा प्रेरित गर्ने कार्यक्रमहरु संञ्चालनका लागी आवश्यक बजेट विनियोजन गराउने ।

४०. आगामी आर्थिक वर्षमा सामाजिक सुरक्षाभत्ता पूर्णरुपमा बैंकिंग प्रणालीबाट वितरण गर्ने लक्ष्य रहेको छ । सामाजिक सुरक्षा भत्तातर्फ संघीय सरकारबाट रु ५ करोड ५० लाख रकम प्राप्त हुने अनुमान गरेको छु ।

४१. गाउँ क्षेत्रभित्रका अस्पताल, स्वास्थ्य केन्द्र र शहरी स्वास्थ्य केन्द्रहरुको जनशक्ति तथा प्राविधिक क्षमता बढाईनेछ ।

४२. संविधानले ब्यवस्था गरेको निःशुल्क स्वास्थ्य सेवा लिने मौलिक हकको प्रत्याभुति गर्न सबै नागरीकलाई स्वस्थ बनाइ उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्न, सवल मानव पुँजी निर्माण गर्न स्वास्थ्य क्षेत्रलाई विशेष प्राथमिकता दिदैं स्वास्थ्य संस्थाहरुका लागी निशुल्क औषधी वितरण, टेलिमेडिसिन सेवा र स्वास्थ्य विमाका लागी आवश्यक रकम विनियोजन गरेको छु ।

४३. विपद् ब्यवस्थापन कोषमा रु ८७ लाख विनियोजन गरेको छु ।

४४. युवा लक्षित खेलकुद कार्यक्रमहरु तर्फ युवा खेलकुद कार्यक्रम सञ्चालनका निम्ती आवश्यक बजेट विनियोजन गरेको छु ।

**वातावरण ब्यवस्थापन**

४५. वन तथा वातावरण ब्यवस्थापनका वृक्षारोपण, बायो ईन्जिनियरीङ्ग कार्यक्रमहरु संचालन गरिनेछ र विपद् जोखिम न्यूनीकरण तथा ब्यवस्थापनका लागि गाउँ/वडास्तरीय कार्यक्रमहरु, रिचार्ज पोखरी र मुल संरक्षण कार्यक्रम सञ्चालनका लागि रु २२ लाख विनियोजन गरेकोछु ।

**सुशासन तथा सेवाप्रवाह**

४६. सार्वजनिक सेवाप्रवाहमा सुधार गर्न गाउँपालिका आ.ब. २०७६।०७७ मा सम्पन्न हुन नसकेको डिजिटल प्रोफाइल निर्माणलाइ निरन्तरता दिइनेछ ।

४७ .गाउँपालिका अन्तरगतका वडा कार्यालय, विद्यालय र स्वास्थ्य संस्थाहरुमा विद्युतीय हाजिरी क्रमशः जडान गरि कार्यान्वयन गरिनेछ ।

४८. सुरक्षा ब्यवस्थापनका लागि प्रहरी साझेदारी कार्यक्रम सञचालन गर्न आवश्यक बजेट विनियोजन गरेकोछु

४९. सुशासन ब्यवस्थाको लागी नागरीक वडापत्र प्रकाशन, राजश्व संकलन तथा परिचालन ब्यवस्थापन, सार्वजनिक सुनुवाई, घर जग्गा अभिलेख तथा नक्सा पास, करदाता शिक्षा, कार संकलनको लागि घुम्ती सिविर कार्यक्रम तथा अन्य सस्थागत विकासका लागि रु ४१ लाख विनियोजन गरेको छु ।

५०. कर्मचारी तथा जनप्रतिनिधिहरुको क्षमता अभिवृद्धि गर्न प्राविधिक क्षमता विकास तालिमहरु, सेवाप्रवाहमा सुधार सम्बन्धी अभिमूखीकरण कार्यक्रमहरु संचालन गरिनेछ । खानेपानी उपभोक्ता समितिकाहरुका लागी क्षमता अभिवृद्धिका कार्यक्रमहरु संचालनका लागी आवश्यक रकम विनियोजन गरेको छु ।

**अध्यक्ष महोदय,**

५१. अव म आगामी आर्थिक वर्ष २०७७/७८ को लागि मल्लरानी गाउँपालिकाको राजस्व र ब्ययको अनुमान प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

५२. मल्लरानी गाउँपालिकाको कुल आय रु ४३ करोड ५८ लाख ४६ हजार रहने अनुमान गरेको छु । जसमध्ये, संघबाट समानीकरण अनुदान रु ८ करोड १४ लाख, सर्शत अनुदान रु १४ करोड ३५ लाख, राजस्व बाँडफाँट तर्फ रकम रु ६ करोड १४ लाख ४३ हजार र समपुरक तर्फ रु १ करोड ५६ लाख प्राप्त हुने अनुमान छ । प्रदेशबाट सशर्त अनुदान रु

१ करोड ४८ लाख ५० हजार, समानीकरण अनुदान रु ५० लाख ५९ हजार, सवारी साधन करको अनुमानित राजस्व बाँडफाँट रु २६ लाख ७९ हजार, प्रदेश समपुरक तर्फ १ करोड ५० लाख र मुख्यमन्त्रि ग्रामिण विकास कार्यक्रम अन्तर्गत रु ६० लाख प्राप्त हुने अनुमान छ । त्यसैगरी, सामाजिक सुरक्षातर्फ संघबाट विनियोजन हुने अनुमानित रकम रु ५ करोड ५० लाख, आन्तरिक राजस्वतर्फ रु ५३ लाख ८५ हजार, चालु अर्थिक वर्षको अनुमानित बचत रु ३ करोड हुने अनुमान छ । आ.व. २०७७।७८ को विस्तृत बजेट बाँडफाँड अनुसुचि १ मा संलग्न गरिएको छ ।

**अन्त्यमा,**

बजेट तथा कार्यक्रम तर्जुमाको क्रममा सल्लाह, सुझाव तथा पृष्ठपोषण प्रदान गर्नुहुने गाउँबासीहरु, राजनीतिक दलहरु, संघसंस्थाहरु र गाउँपालिकाका कर्मचारीहरुलाई हार्दिक आभार साथै धन्यवाद व्यक्त गर्दछु । प्रस्तावित बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट मल्लरानी गाउँवासीका आकांक्षा र आवश्यकतालाई सम्बोधन गर्न र गाउँपालिकाको दीर्घकालीन सोच हासिल गर्न सफल हुनेछ भन्ने विश्वास लिएको छु । बजेटको प्रभावकारी कार्यान्वयनका लागि सम्बन्धित सबै सरोकारबाला पक्षहरुको साथ र सहयोग रहने अपेक्षा समेत गर्दछु ।

**सरिता जि.सी.**
**उपाध्यक्ष**

**धन्यवाद !**

मल्लरानी गाउँपालिका

# राजश्व अनुमान

रकम रू. हजारमा

| शीर्षक | आ.व. २०७५/७६ को संशोधित अनुमान | आ.व. २०७६/७७ को संशोधित अनुमान | आ.व. २०७७/७८ को अनुमान |
|---|---|---|---|
| आय | २७५७०३.६ | ३४९३१८.६६१ | ४३५८४६. |
| राजस्व | ५६७०९. | ७१६८२.६६१ | ६९४४७. |
| आन्तरिक श्रोत | ४००० | ४५०० | ५३२५ |
| सम्पत्ती, बहाल तथा पट्टा वापतको आयमा लाग्ने कर | ७०० | ७०० | ८०० |
| भुमिकर/मालपोत | २५०० | २७०० | ३००० |
| घरवहाल कर | १०० | १५० | २५० |
| अन्य कर | ५० | १०० | १५० |
| सिफारिश दस्तुर | ५२५ | ६०० | ८०० |
| न्यायिक दण्ड, जरिवाना र जफत | २५ | ५० | ७५ |
| व्यवसाय कर | १०० | २०० | २५० |
| गत सालको अल्या | ६००० | २०००० | ३०००० |
| राजस्व बाँडफाँडबाट प्राप्त रकम | ५२७०९. | ६७१८२.६६१ | ६४१२२. |
| बाँडफाँड भई प्राप्त हुने मूल्य अभिबृद्धि कर [राजस्व बाँडफाँड - संघीय सरकार] | ४९९२९ | ६०३०० | ६१४४३ |
| बाँडफाँडबाट प्राप्त हुने विज्ञापन कर [राजस्व बाँडफाँड - प्रदेश सरकार ] | २७८० | ३७२१ | २६७९ |
| बाँडफाँड भई प्राप्त विद्युत सम्बन्धी रोयल्टी [राजस्व बाँडफाँड - संघीय सरकार] | ० | ३१६१.६६१ | ०. |
| अन्य आय | ० | ० | ० |
| अन्तर सरकारी वित्तीय हस्तान्तरण | २१२९९५ | २५७६३६ | ३३६३९९ |
| संघीय सरकार | १९९३२६ | २२५३०० | २९५५०० |
| अन्य अनुदान चालु | २९५२६ | ३२००० | ५५००० |
| शसर्त अनुदान चालु | १०२६०० | ११४६०० | १४३५०० |
| समपूरक अनुदान | ० | | १५६०० |
| समानिकरण अनुदान | ६७२०० | ७८७०० | ८१४०० |
| प्रदेश सरकार | १३६६९ | ३२३३६ | ४०८९९ |
| विषेश अनुदान पुँजीगत | ० | ५२०० | ६००० |
| शसर्त अनुदान पुँजीगत | ९६०० | ८००० | १४८५० |
| समपुरक अनुदान पुँजीगत | ० | १५००० | १५००० |
| समानिकरण अनुदान | ४०६९ | ४१३६ | ५०४९ |
| बैदेशिक | ० | ० | |
| जनसहभागिता | ० | ० | |
| | | | |

| खर्च शिर्षक | खर्च विवरण | विनियोजित रकम |
|---|---|---|
| २११११ | तलब कर्मचारी | २२०००००० |
| २१११२ | पदाधीकारी सेवा सुविधा | ६१००००० |
| २११४९ | पदाधीकारी अन्य भत्ता | ४००००० |
| २११४१ | पदाधिकारी बैठक भत्ता | १६००००० |
| २११३२ | महंगी भत्ता | १२००००० |
| २११३१ | स्थानीय भत्ता | १८००००० |
| २११३३ | फिल्ड भत्ता | ७००००० |
| २११२१ | पोशाक भत्ता | ६००००० |
| २११२३ | औषधि उपचार खर्च | ३००००० |
| २११३५ | कर्मचारी प्रोत्साहन तथा पूरस्कार | ८००००० |
| २११३९ | अन्य भत्ता | ३००००० |
| २२११२ | सञ्चार महशुल | ६००००० |
| २८१४२ | घर भाडा | १०००००० |
| २८१४९ | अन्य भाडा | २००००० |
| २२३१४ | इनधन अन्य प्रयोजन | २००००० |
| २२२११ | इनधन पधादिकारी | २००००० |
| २२२१२ | इनधन कार्यालय प्रयोजन | १०००००० |
| २२२१३ | सवारी साधन मर्मत | १०००००० |
| २२२१४ | विमा तथा नविकरण | २५०००० |
| २२२२१ | मेसिनरी औजार मर्मत तथा संचालन खर्च | ५००००० |
| २२२३१ | सार्वजनिक सम्पत्तीको मर्मत सम्भार | ३००००० |
| २२३१३ | पूस्तक तथा सामाग्री | ३००००० |
| २२३१५ | पत्रपत्रिका छपाई, सूचना प्रकाशन तथा प्रशारण | १५००००० |
| २२४१२ | सुचना प्रणाली तथा सफ्टवयर संचालन खर्च | १२००००० |
| २२४१३ | करार सेवा शूल्क | ३०००००० |
| २२५११ | कर्मचारी तालीम | ४००००० |
| २२५१२ | जनचेतना मूलक गोष्ठी | २००००० |
| २२३११ | मसलन्द सामाग्री तथा कार्यालय सामाग्री | ३०००००० |
| २२१११ | पानि तथा विजुली स्वास्थ्य संस्था समेत | ६००००० |
| २२६११ | अनुगमन मूल्यॉंकन | २५००००० |
| २२६१२ | भ्रमण खर्च | २००००० |
| २२४१९ | अन्य सेवा शुल्क | १००००० |
| २२७२१ | सभा संचालन तथा प्रगति समिक्षा | ३००००० |
| २२७११ | विविध खर्च | २०००००० |
| २२७११ | विविध खर्च वडा कार्यालय सबै | ३००००० |
| २२४११ | सेवा तथा परामर्श | २५००००० |
| २२५२२ | कार्यक्रम खर्च | १४००००० |
| २२४१४ | सरसफाई सेवा शुल्क | ३००००० |

| | | |
|---|---|---|
| २२५२२ | कार्यक्रम (पदपुर्ति खर्च) | १५०००० |
| २७११२ | अन्य सामाजिक सूरक्षा | ५००००० |
| २७२१२ | उद्धार, राहात तथा पुनर्स्थापना खर्च | ३००००० |
| २५३१५ | अन्य सहायता | ३००००० |
| २१२११ | सामाजिक सूरक्षा कोष खर्च | २००००० |
| २१२१२ | योगदानमा आधारित निवृतीभरण तथा उपदान कोष | ३००००० |
| २१२१३ | योगदानमा आधारित विमा कोष | १००००० |
| २१२१४ | कर्मचारी कल्याण कोष | १२००००० |
| **कुल प्रशासनिक खर्च (चालु)** | | **६३९०००००** |
| ३१११५ | फर्निचर | २०००००० |
| ३११७२ | पुँजिगत अनुसन्धान तथा परामर्श | २०००००० |
| ३११२२ | मेसिनरी औजार | १५००००० |
| **कुल प्रशासनिक खर्च (पुँजिगत)** | | **५५०००००** |
| **कुल प्रशासनिक खर्च** | | **६९४०००००** |

# अनुसूची १

## आ.ब. २०७७/०७७ को वार्षिक विकास कार्यक्रम

विषय क्षेत्रगत बजेट विनियोजन

| सि.नं. | योजनाको नाम | |
|---|---|---|
| | **आर्थिक विकास** | **७६१०००००** |
| | **१. कृषि** | |
| १ | युवा लक्षित ब्यबसायिक खेती प्रवर्द्धन कार्यालक्रम | ८००००० |
| २ | तरकारी प्याकेज प्रदर्शन कार्यक्रम | ५०००० |
| ३ | युवा लक्षित ब्यसायिक च्याउ खेती प्रर्बदन (५० प्रतिशतअनुदान) | २००००० |
| ६ | ब्यबसायिक फलफुल खेतीगर्ने कृषक फार्म लाइ ५० प्रतिशतअनुदानमा भर्मिक कम्पोष्ट मल बितरण | ४०००० |
| ७ | साना तथा मझौला कृषकको पोषण तथा आय स्तर बृद्धिको लागी ५० प्रतिशत अनुदानमा कन्ये च्याउको बिउ बितरण कार्यक्रम ढुवानी सहित | १२०००० |
| ८ | साना तथा मझौला कृषकको पोषण तथा आय स्तर बृद्धिको मौसमी तथ बेमौसमी तरकारीको कम्पोजिट प्याकेट बिउ कृषक समुह तथा ब्यवसायिक कृषकहरुका लागी बितरण कार्यक्रम | ३६०००० |
| ९ | आकस्मिक बाली संरक्षण सेवा | १५०००० |
| १० | मागमा आधारीत साना सिंचाई मर्मत तथा सिंचाइ पोखरी निर्माण | ५००००० |
| ११ | जिरो टिलेजमा लसुन खेती प्रबिधी प्रर्दसन कार्यत्रम | ५०००० |
| १४ | उत्कृष्ट कृषक सम्मान कार्यक्रम (ब्यबसायिक कृषक) | १००००० |
| १५ | मागमा आधारीत स्थलगत घुम्ति तालिम | २००००० |
| १६ | मागमा आधारीत भकारो सुधार निर्माण कार्यक्रम | ५००००० |
| १८ | मागमा आधारीत खाध्यान्न बाली धान , गहु मकैको मुल बिउ ५० प्रतिशत अनुदानमा बितरण कार्यक्रम ढुवानी सहित | १५०००० |
| १९ | मल्लरानी ४ खलंङा मा रहेको तरकारी हाट बजार निर्माण संचालन तथा परिचालनमा सहयोग | ३५०००० |
| २० | आकष्मिक रुपमा लाग्ने रोग किरा नियन्त्रण तथा ब्यबस्थापनको लागी स्प्रेयर टंकी प्रति वडा १/१ वटाका दरले टोल टोलमा बितरण | ६०००० |
| २१ | मल्लरानी ३ सालठाटीमा तरकारी संकलन केन्द्र निर्माण तथा परिचालन | २००००० |
| २२ | बाली बिमागर्ने कृषकलाई बिमा प्रिमियम रकममा १० प्रतिशत सहयोग | ५०००० |
| २३ | साना मेसिनरी औजार प्रयोग गर्ने कृषकलाइ समाबेस गरी गा.पा स्तरीय मर्मत संभार तालिम | १५०००० |
| २४ | कफि खेती पवर्द्धन सहायता | ११०००० |
| २५ | एकिकृत शत्रु जिब ब्यबस्थापन कृषक पाठशाला संचालन | २२०००० |
| | **जम्मा** | **४३६००००** |
| | **२. पशु** | |
| १ | ब्याबसयिक बाख्रापालक कृषकहरुलाई खोर सुधार | ५६०००० |
| २ | ब्याबसायिक बंगुर पालक कृषकहरु लाई खोर सुधार | १६०००० |
| ३ | ब्याबसायिक लेयर्स पालक कृषकहरुलाई खोर सुधार | ८०००० |
| ४ | पशुका लागी औषधि खरिद | ४८०००० |
| ५ | भ्याक्सिन राख्नको लागि फ्रिज १८० लि. खरिद | ४०००० |
| ६ | बिभिन्न खोप खरिद तथा भ्याक्सिनेटर लाई पारिश्रमिक | १००००० |
| ७ | रोग निदान सामग्री खरिद | २०००० |
| ८ | पशु स्वास्थ्य शिबिर | ३००००० |
| ९ | मिनिरल ब्लक | १५०००० |

| | | |
|---|---|---|
| १० | बाख्रापालन सम्बन्धि तालिम | २००००० |
| ११ | एक बर्षे हिउदे घाँसको बिउ वितरण कार्यक्रम | ६०००० |
| १२ | बहुबर्षिय घाँसको बिउ बितरण | ५०००० |
| १३ | बहुबर्षिय घाँसको सेट्स बितरण (मोलाटो नेपियर सुम्बासिटेरिया आदि ) | १५०००० |
| १४ | सिडलेस् किम्बु बेर्ना बितरण | १००००० |
| १५ | व्यवसायिक भैंसिपालक कृषकलाई राँगो वितरण | ३००००० |
| **जम्मा** | | **२७५००००** |
| **३. सहकारी** | | |
| १ | सहकारी कार्यक्रम | ३००००० |
| **४. पर्यटन** | | |
| १ | भाक्रिस्थान पर्यटन पूर्वाधार निर्माण कार्यक्रम | २००००० |
| **जम्मा** | | २००००० |
| **सामाजिक विकास** | | **२९१६१०००** |
| **५. शिक्षा** | | |
| १ | शैक्षिक संस्थाहरुलाई सहायता | १००००००० |
| २ | गाउँ शिक्षा समिति, प्र.अ. तथा फोकल शिक्षक, शैक्षिक संवाद समिती बैठक | ३००००० |
| ४ | शिक्षक, विद्यार्थि र वि.व्य.स प्रोत्साहन | २००००० |
| ६ | कक्षा ५ र ८ को परीक्षा स्तरिकरण | ३००००० |
| ७ | पेशागत वृति विकास कार्यक्रम | ४००००० |
| ८ | सह–अतिरिक्त क्रियाकलाप सञ्चालन | ३००००० |
| ९ | सूचना प्रबिधिमैत्री विद्यालय कार्यक्रम | ४००००० |
| १० | असहाय छात्रबृति कार्यक्रम | १००००० |
| ११ | विद्यालय रंगरोगन कार्यक्रम | ५००००० |
| १२ | स्थानिय पाठ्यक्रम निर्माण | २००००० |
| १३ | शिक्षिका प्रशुति प्रोत्साहन कार्यक्रम | २००००० |
| १४ | विद्यालय मर्मत तथा कक्षा कोठा निर्माण (बालविकास निर्माण समेत) | ५००००० |
| १५ | विद्यालय अनुगमन | १००००० |
| १६ | नमूना विद्यालय बिकास कार्यक्रम | ५००००० |
| १७ | शिक्षा दिवश कार्यक्रम | १००००० |
| १८ | प्यूठान क्याम्पस भौतिक संरचना निर्माण | ५००००० |
| १९ | विद्यालयमा स्वास्थ्य परिक्षण कार्यक्रम | २००००० |
| २० | युवा खेलकुद कार्यक्रम | ३००००० |
| २१ | गाँपालिका अनुदान शिक्षकहरुका लागी पोशाक | २००००० |
| २२ | शिक्षा विकास कोष | ३००००० |
| **जम्मा** | | **१५६०००००** |
| **६. स्वास्थ्य** | | |
| १ | निर्मलीकरण प्रयोजनकालागि ग्यास सिलिण्डर | ३०००० |
| २ | प्रा.स्वा.के आधारभूत स्वा.से.केन्द्र चुँजा, सामुदायिक स्वास्थ्य इकाइ र सहरी स्वा.के तलब भत्ता | १९८१००० |
| ३ | ८४ वर्ष माथिका जेष्ठ नागरिकको घरैमा गइ उपचार गरे वापत सेवा प्रदायकलाइ थप यातायात खर्च | ५०००० |

| | | |
|---|---|---|
| ४ | एच आई भि संक्रमित तथा ए आर टि उपचारमा रहेका विरामीहरूका लागी यातायात तथा पोषण खर्च | ५०००० |
| ५ | गरिव तथा विपन्न परिवार पाठेघर अप्रेशन गर्नुपर्नेकालागी यातायात खर्च | १००००० |
| ६ | घरमै गइ पूर्ण उत्तर प्रसुति सेवा प्रदान गर्न यातायात खर्च | ५०००० |
| ७ | जिवनशैली योगा तथा आर्युवेद सेवा र औसधि खरिद कार्यक्रम | ३००००० |
| ८ | प्रगती कार्यक्रम ( परिवार नियोजन कार्यक्रम) | १५०००० |
| ९ | पूर्ण संस्थागत प्रसुति सेवाका लागी म.स्वा.स.से ले संस्थामा सेवा ग्राही लिएर आय बापत यातायात खर्च | ५०००० |
| १० | प्रसुति सेवाका लागी प्रेषणका लागि एम्बुलेन्स सेवा खर्च | ६०००० |
| ११ | फूल बगैचा नियमित व्यवस्थापन | ५०००० |
| १२ | म.स्वा.स.से रिभ्यु मिटिङ | १५०००० |
| १३ | संस्थागत प्रसुति स्याहार लिनेहरूका लागी नव शिशु स्याहार सामाग्रि उपहार | १२०००० |
| १४ | विमा सहयोग अनुदान प्रा.स्वा.के खलंगा | ५००००० |
| १५ | स्वास्थ्यकर्मी अन्य भत्ता | ७५०००० |
| १६ | खोप केन्द्र निरेमाण मल्लरानी गा पा ४ सारिवाङ | ३००००० |
| १७ | गाउँघर क्लिनिक खोप क्लिनिक ब्यबस्थापन तथा यातायात खर्च | २००००० |
| १८ | स्वास्थ्य संस्था पूर्वाधार मर्मत सम्भार | २००००० |
| १९ | औषधि खरिद | १३००००० |
| २० | महिला स्वाथ्य स्वयेविकाहरुका लागी प्रोत्साहन | ६७०००० |
| २१ | महिला स्वास्थ्य स्वंय सेविकाहरुको लागि आधारभुत तथा पुर्नताजगी तालिम | ३५०००० |
| २२ | स्वास्थ्य ब्यबस्थापन सूचना प्रणाली स्थलगत प्रशिक्षण | १००००० |
| २३ | स्वास्थ्य सूचक सम्वधि घरधुरी सर्वेक्षण | १००००० |
| २४ | स्वास्थ्य बिमा कार्यक्रम अभिमूखिकरण | १५०००० |
| २५ | मानसिक स्वास्थ्य कार्यक्रम अनुदान | ३००००० |
| २६ | कार्यालय संचालन खर्च | १५०००० |
| २७ | आधारभूत तथा आकस्मिक सेवाको सुनिश्चततका लागि औषधीको आपूर्ति र उपयोग, सम्वन्धि कार्यक्रमहरुको मूल्याङकन | १००००० |
| २८ | इन्धन | ५०००० |
| २९ | टेलिमेडिसिन कार्यक्रम | १५०००० |
| | **जम्मा** | ८५११००० |

## ७. लैंगिक समानता तथा सामाजिक समावेशीकरण

| | | |
|---|---|---|
| १ | (बालबालिका , गर्भवती महिला ,ज्येष्ठ नागरीक अपाङ्गता भएका ब्यक्ति ,डिप्रेशनमा रहेका तथा परामर्श आवश्यक पर्ने ब्यक्तिहरुका लागी ) | ५०००० |
| २ | लैङ्गिक हिंसा निवारण कोष स्थापना | १०००० |
| ३ | पाठेघर खस्ने तथा फिस्टुला सम्बन्धि कार्यक्रम तथा शिविर सञ्चालन | ३००००० |
| ४ | महिलाका लागी सीप विकास तालिम | २५०००० |
| ५ | संरक्षण विषयगत क्षेत्र समन्वय समितिको बैठक संचालन | ६०००० |
| ६ | महिला समिति ,सस्थाका सदस्यहरुलाई आधारभुत र क्षमता विकास तालिम | १५०००० |
| ७ | लैङ्गिक हिंसा पिडित महिलाहरुका लागी अल्पकालिन आवास गृह ब्यवस्थापन | १००००० |

| | | |
|---|---|---|
| ८ | बालसञ्जालको बैठक संचालन | ५०००० |
| ९ | बाल उद्धार कोष स्थापना | १००००० |
| १० | वालमैत्री स्थानीय शासन कार्यक्रम | २५०००० |
| ११ | ज्येष्ठ नागरिक कल्याण समिति गठन र सञ्चालन | ८५००० |
| १२ | आँखा शिविर संचालन (ज्येष्ठ नागरिकहरु का लागी ) | १५०००० |
| १३ | ज्येष्ठ नागरिकका संरक्षक तथा सरोकारवाला निकाय विच तालिम तथा अन्तरक्रिया कार्यक्रम | ६५००० |
| १४ | ज्येष्ठ नागरिक सम्मान कार्यक्रम | २००००० |
| १५ | अपाङ्गता परिचयपत्र स्थानीय समन्वय समितिको बैठक संचालन | ६०००० |
| १६ | अपाङ्गता परिचयपत्र वितरणका लागी घुम्ती शिविर संचालन | १००००० |
| १७ | अपाङ्गता भएका व्यात्कीहरुका लागी क्षमता तथा सिप विकास तालिम | १५०००० |
| १८ | अपाङ्गता भएका व्यात्कीहरुका लागी सहायता सामाग्री वितरण | ७०००० |
| २० | वौद्धिक अपाङ्गतता गृह व्यवस्थापन | ५०००० |
| २१ | (बालदिवस, ज्येष्ठ नागरिक दिवस, लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान , अपाङ्गता दिवस तथा अन्तराष्ट्रिय महिला दिवस | २५०००० |
| | **जम्मा** | **२५०००००** |
| | **८. खानेपानी तथा सरसफाई** | |
| १ | पदिमे दमारा कुडुले मरुभुंग खानेपानी खानेपानी निरन्तरता | ७००००० |
| | **जम्मा** | ७००००० |
| | **९. सिप विकास तालिम** | |
| १ | डकर्मी तालिम | ४००००० |
| २ | खानेपानी समितिहरुका लागी मर्मत संभार सम्वन्धि तालिम | ३००००० |
| | **जम्मा** | ७००००० |
| | **१०. न्यायिक समिती** | |
| १ | इजलास कक्ष निर्माण | ४५०००० |
| २ | मेलमिलापकर्ताका लागी पारिश्रमिक | ५०००० |
| ३ | न्याय सम्पादन सम्वन्धि अभिमूखिकरण कार्यक्रम | २५०००० |
| ४ | अध्ययन अवलोकन भ्रमण | १५०००० |
| ५ | निवेदन तामेली खर्च | २५००० |
| ६ | बैठक व्यवस्थापन खर्च | २२५००० |
| | **जम्मा** | **११५००००** |
| | **पूर्वाधार विकास** | १०५०००० |
| | **११. सडक तथा पुल** | |
| १ | खलंगा तेस्रो गल्लि आर.सि.सि ढलान | ७००००० |
| | **जम्मा** | ७००००० |
| | **१२. संचार** | |
| १ | रेडियो कार्यक्रम | २००००० |
| २ | मिडिया सहकार्य | १५०००० |
| | **जम्मा** | **३५००००** |

| | | |
|---|---|---|
| **वातावरण तथा विपद व्यवस्थापन विकास** | | **१००००००००** |
| **१३. वन तथा भू संरक्षण** | | |
| १ | बायो ईन्जिजिनियरी | २००००० |
| **जम्मा** | | **२०००००** |
| **१४. वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन** | | |
| १ | टोल सरसफाई समितीलई सहयोग परिचालन | ३००००० |
| २ | फोहेरमैला तथा सरसफाई व्यवस्थापन | ५००००० |
| ३ | वातावरण संरक्षण कार्यक्रम | ३००००० |
| **जम्मा** | | **११०००००** |
| **१५. विपद् व्यवस्थापन, वारुण यन्त्र संचालन** | | |
| १ | प्रकोप व्यवस्थापन कोष | ८७०००००० |
| **जम्मा** | | **८७०००००** |
| **संस्यागत विकास तथा सेवा प्रवाह** | | **६८०००००** |
| **१६. सूरक्षा व्यवस्थापन** | | |
| १ | सुरक्षा व्यवस्थापन तथा तथा प्रहरी साझेदारी कार्यक्रम | २००००० |
| **जम्मा** | | **२०००००** |
| **१७. सूचना प्रविधि तथा स्थानिय तथ्याङ्क संकलन र अभिलेख व्यवस्थापन** | | |
| १ | गाउँपालिकाको डिजिटल प्रोफाइल निर्माण निरन्तरता | १२००००० |
| २ | सि.सि.टि.भि क्यामरा जडान | १५०००० |
| ३ | गाउँपालकि, वडा, विद्यालय र स्वास्थ्य संस्थाहरुमा विद्युतिय हाँजिरी जडान | ७००००० |
| ४ | प्रत्येक वडा कार्यालयमा अनलाईन कर संकलनका निम्ती इन्भरटर जडान | ५००००० |
| **जम्मा** | | **२५५००००** |
| **१८. सूशासन पर्वद्धन तथा संस्थागत विकास** | | |
| १ | जग्गा व्यवस्थापन | २५००००० |
| २ | प्रत्येक वडा कार्यालयमा नागरीक वडापत्र तयारी तथा प्रकाशन | १५०००० |
| ३ | राजश्व संकलन तथा परिचालन व्यवस्थापन | ४००००० |
| ४ | सार्वजनिक सुनुवाई कार्यक्रम | २००००० |
| ५ | सामाजिक परिक्षण कार्यक्रम | १५०००० |
| ६ | घर जग्गा अभिलेख तथा नक्सा पास कार्यक्रम | ४००००० |
| ७ | करदाता शिक्षा कार्यक्रम | १५०००० |
| ८ | ब्लड बैंक सहयोग | १००००० |
| **जम्मा** | | **४०५००००** |
| **जम्मा** | | **५४६२१०००** |

# वार्षिक विकास कार्यक्रम वडा नं १

## आ.ब. २०७७/०७८

### विषय क्षेत्रगत बजेट विनियोजन

| सि.नं. | योजनाको नाम | |
|---|---|---|
| | **आर्थिक विकास** | २००००० |
| | **१. कृषि/पशु** | |
| १ | युवा लक्षित कार्यक्रम | २००००० |
| | **जम्मा** | २००००० |
| | **सामाजिक विकास** | १८००००० |
| | **१. शिक्षा** | |
| १ | जनता मा.बि लुक्का घेराबार | २००००० |
| २ | जनज्वती प्रा.बि घेराबार तथा रंगरोगन | १००००० |
| ३ | खड्गेश्वरी प्रा.बि भित्ता पलस्टर | १००००० |
| ४ | जनजाग्रीती प्रा.बि भित्ता पलस्टर | १००००० |
| ५ | प्यूठान क्याम्पस भौतिक संरचना निर्माण | १००००० |
| | **जम्मा** | ६००००० |
| | **२. खानेपानी तथा सरसफाई** | |
| १ | सिस्नेरी खा.पा टंकी निर्माण | १००००० |
| २ | टोड्के माझपँधेरा खा.पा आर सि सि टंकि निर्माण | ३००००० |
| ३ | ठुलाचौर पोखरी निर्माण | १००००० |
| ४ | ढाडपानी खानेपानी टंकी निर्माण | १५०००० |
| ५ | अबांग पधेरा टंकी निर्माण खा.पा | १००००० |
| ६ | सुँगुरे काफलठुँटा खा पा टंकी निर्माण तथा दुई धारा निर्माण | १००००० |
| ७ | सिंदुरे माझपँधेरा खा पा टंकी निर्माण | १५०००० |
| ८ | सोलिथुम पँधेराखोला खा पा मर्मत | १५०००० |
| ९ | नाम्रीकोट पाइपलाइन बिस्तार | ५०००० |
| | **जम्मा** | १२००००० |
| | **पूर्वाधार विकास** | २३७५००० |
| | **३. सडक तथा पुल** | |
| १ | अरौटी झाकीसल्ला मो.बा निरन्तरता | २००००० |
| २ | खचालीडाडा पानीगैरा मो.बा निरन्तरता | १५०००० |
| ३ | चुजाँ नाम्रीकोट गन्नीखोला मो.बा निरन्तरता | ३००००० |

| | | |
|---|---|---|
| ४ | चँदुले हरिथुंगा मो बा निरन्तरता | २००००० |
| ५ | चुन्द्रिखोला खौलेपोखरी मो.बा स्तरउन्नती | ७००००० |
| ६ | विभिन्न घो बा मर्मत (श्रममुलक मात्र | २००००० |
| ७ | उछुटे सानलेख खजुरे मो.बा स्तरउन्नती | ३००००० |
| **जम्मा** | | **२०५००००** |
| **४. सिचाई** | | |
| १ | उधिनी ढुङ्गा सिंचाइ कुलो निर्माण | ५०००० |
| **जम्मा** | | **५००००** |
| **५. भवन तथा सहरी विकास** | | |
| १ | अगेरपोखरी प्रतीक्षालय | १००००० |
| **जम्मा** | | **१०००००** |
| **६. उर्जा** | | |
| १ | विधुत पोल खरिद | १५०००० |
| **जम्मा** | | **१५००००** |
| **७. संचार** | | |
| २ | वडा कार्यालय इन्टरनेट | २५००० |
| **जम्मा** | | **२५०००** |
| **वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन** | | ४५००० |
| **८. फोहोरमैला व्यवस्थापन** | | |
| १ | फोहोरमैला सामाग्री व्यबस्थापन | ४५००० |
| **संस्थागत विकास तथा सेवा प्रवाह** | | ८०००० |
| **९. सूरक्षा व्यवस्थापन** | | |
| १ | प्रहरी साझेदारी कार्यक्रम | ३०००० |
| २ | चुँजाठाटि प्रहरी चौकी व्यवस्थापन | ५०००० |
| **जम्मा** | | **८००००** |
| **जम्मा** | | ४५००००० |

# वार्षिक विकास कार्यक्रम वडा नं २

## आ.ब. २०७७/०७८

### विषय क्षेत्रगत बजेट विनियोजन

| सि.नं. | योजनाको नाम | |
|---|---|---|
| | **आर्थिक विकास** | ३३५००० |
| | **१. कृषी** | |
| १ | अगुवा कृषक र कृषक समुहहरुका लागी प्याजको विउ वितरण (५० प्रतिशत अनुदान) | ५०००० |
| २ | अगुवा कृषक र कृषक समुहहरुका लागी (सिलपोलीन) त्रिपाल वितरण (५० प्रतिशत अनुदान) | ५०००० |
| | जम्मा | १००००० |
| | **२. पशु** | |
| १ | परजिवी नियन्त्रण | ५०००० |
| २ | खोप व्यवस्थापनको लागी फ्रिज खरिद | ३५००० |
| | जम्मा | ८५००० |
| | **३. पर्यटन** | |
| १ | कुडुले गुफा संरक्षण तथा विभिन्न मठ मन्दिर निर्माण तथा मर्मत | १५०००० |
| | **जम्मा** | **१५००००** |
| | **सामाजिक विकास** | १२३५००० |
| | **६. शिक्षा** | |
| १ | अमर मा.वि विद्यालय भौतिक संरचना निर्माण (शौचालय) | २५०००० |
| २ | जनकल्याण प्रा.वि घेराबार निरन्तरता | १००००० |
| ३ | प्यूठान क्याम्पस भौतिक संरचना निर्माण | १००००० |
| ४ | जगदम्बा प्रा.विको लागी बोक्सेपानी मुल संरक्षण तथा टंकी निर्माण | १००००० |
| ५ | दुर्गम क्षेत्रका बालवालिकालाई स्कुल बस संचालन (आंशिक समयको लागी) | १५०००० |
| | **जम्मा** | **७०००००** |
| | **७. स्वास्थ्य** | |
| १ | गाउँघर क्लिनिक व्यवस्थापन | ५०००० |
| | **जम्मा** | **५००००** |
| | **८. खानेपानी तथा सरसफाई** | |
| १ | विभिन्न खा.पा मर्मत तथा पाइपलाइन विस्तार | २००००० |
| २ | सिस्नेरी खा.पा मर्मत | १००००० |
| ३ | भुल्के खा.पा मर्मत | ५०००० |
| ४ | गडेरी देखि सरस्वती प्रा.वि खा.पा मर्मत | १००००० |

| | | |
|---|---|---|
| | **जम्मा** | ४५0000 |
| | **८. लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | |
| १ | आरन व्यवस्थापन | ३५000 |
| | **जम्मा** | ३५000 |
| | **पूर्वाधार विकास** | ३१८0000 |
| | **१०. सडक तथा पुल** | |
| १ | जिमुरपानी राम्चे मो.बा. निरन्तरता | १५0000 |
| २ | चुजाँठाटी चित्रेडाँडा गन्निखोला मो.वा निरन्तरता (श्रममुलक मात्र | २00000 |
| ३ | कुँडारा तल्लो सिंउते बर्राबोट हुँदै छेंडापोखरी मो बा स्तरोन्नती | ३00000 |
| ४ | सरस्वती प्रा.बि दमारा मो.बा. | ३00000 |
| ५ | मुडिखोला भकुण्डे मो.बा निर्माण | १५0000 |
| ६ | खौले पोखरी देखि स्वास्थ्य चौकी हुदै रातीपोखरी सम्म नाला तथा मो.वा स्तारोन्नती | २00000 |
| ७ | खन्निखोला मसानघाट सिंढी निर्माण | ५0000 |
| ८ | भैसामारे, थापाटोल मो.वा निर्माण | १५0000 |
| ९ | चुजाँठाटी प्रहरीचौकी व्यवस्थापन | १00000 |
| १० | कुँडारा खन्निखोला पालुकाथान मो.बा. निर्माण | २00000 |
| ११ | ठूलाखेत तल्लो टोला बोरीरुख मो.बा.निर्माण | ५0000 |
| १२ | बान्ना वसपार्क व्यवस्थापन | १५0000 |
| १३ | विभिन्न घोरेटो बाटो निर्माण तथा मर्मत | ३00000 |
| | **जम्मा** | २३00000 |
| | **११. सिचाई** | |
| १ | दोभानखोला सिम मिल सिंचाइ कुलो | १५0000 |
| २ | गढेरी खोला भुतेनी खोला सिंचाइ कुलो | १00000 |
| ३ | पालुका थान खैरेनी जाबुने टटले सिंचाई कुलो पहिरो नियन्त्रण | ५0000 |
| ४ | चितिखेत पँलासे विरौटा सिंचाई कुलो | ८0000 |
| ५ | पोखरा खेत चरेटारी भकुण्डे सिंचाइ कुलो | १00000 |
| ६ | बेसारे रुख बान्ना ढावा सिंचाइ कुलो | १00000 |
| ७ | टिमुरेचौर बाँध देखि भकुण्डे सिंचाइ कुलो | १00000 |
| | **जम्मा** | ६८0000 |

| | | |
|---|---|---|
| **६. उर्जा** | | |
| १ | विधुत पोल खरिद | २००००० |
| **वातावरण तथा विपद व्यवस्थापन विकास** | | २५०००० |
| **१२. वन तथा भू संरक्षण** | | |
| १ | रिर्चाज पोखरी निर्माण ३ वटा | ५०००० |
| **जम्मा** | | ५०००० |
| **१३. जलाधार संरक्षण** | | |
| १ | कचवे र तारजाली व्यवस्थापन कुडारखोला | २००००० |
| **जम्मा** | | २००००० |
| **जम्मा** | | ५०००००० |

| | | |
|---|---|---|
| वार्षिक विकास कार्यक्रम वडा नं ३ | | |
| आ.ब. २०७७/०७८ | | |
| विषय क्षेत्रगत बजेट विनियोजन | | |
| सि.नं. | योजनाको नाम | |
| आर्थिक विकास | | ५००००० |
| १. कृषि | | |
| १ | मौषमि तथा वेमौषमी तरकारी खेति तालीम तथा ५०% अनुदानमा कृषक समुह तथा व्यवसायीक कृषकहरुका लागी तरकारी को विउविजन बितरण | ५०००० |
| २ | कृषि समुहहरुका लागी प्याजको विउ बितरण ५०% मा अनुदान | ५०००० |
| ३ | कृषक समुह तथा व्यवसायीक कृषकहरुका प्लास्टीक टनेल ५०%, त्रिपाल वितरण ५०% मा अनुदान बितरण | १००००० |
| ४ | धुवाखोला, सालठाटी, चुजाठाटी, मुरुखोला क्षेत्रका कृषक समूह तथा व्यवसायिक किसानहरुका लागी तरकारी पकेट क्षेत्रमा ५० प्रतिशत अनुदानमा विउविजन वितरण | ५०००० |
| ५ | अगुवा कृषक तथा जनप्रतिनिधि अवलोकन भ्रमण | ७५००० |
| ६ | कागतीखेती पकेट क्षेत्र बुकेनी १० जना कृषकलाइ खाडल सहयोग ५०० बिरुवा | ५०००० |
| जम्मा | | ३७५००० |
| २. पशु | | |
| १ | उन्नतजात गाई भैसी ब्यसायिक पालन गर्ने कृषक समुहहरुका लागी प्रोत्साहन | ७५००० |
| जम्मा | | ७५००० |
| ३. पर्यटन | | |
| १ | भुमिकोट मन्दिर मर्मत | ५०००० |
| जम्मा | | ५०००० |
| सामाजिक विकास | | २५२५००० |
| ४. शिक्षा | | |
| १ | नवज्योती बाल बिकास फर्निचर | ५०००० |
| २ | वालविकास आधारभुत विद्यालय बुकेनी को लागी भुइ ढलान निरन्तरता | ५०००० |
| ३ | शारदा मावि चौरपानी विद्यालय शौचालय मर्मत | ५०००० |
| जम्मा | | १५०००० |
| ५. स्वास्थ्य | | |
| १ | धरमपानी स्वास्थ्य इकाइमा प्रतिक्षालय निर्माण तथा इलेक्टीक फिल्टर व्यवस्थापन | १५०००० |
| जम्मा | | १५०००० |
| ६. खानेपानी तथा सरसफाई | | |
| १ | खरिकापाटा दोभान चौरपानी लिफ्ट खा.पा. निर्माणका | ५००००० |

| | | |
|---|---|---|
| २ | तुसारपानी मुण्डाडा खानेपानी मर्मत | २००००० |
| ३ | धारापानी खानिडाडा खानेपानी आयोजना मर्मत | १००००० |
| ४ | जुके जलुके लिफ्ट खानेपानी आयोजना गिरीचौर निरनतरता | ३७५००० |
| ५ | धनुवास खानेपानी ट्यांकी निर्माण | १००००० |
| ६ | सालठाँटी खानेपानी मर्मत | ५०००० |
| ७ | खरिकाखोला बर्बोट खानेपानी अधुरो योजना निरन्तरता | ३००००० |
| ८ | बुकेनी पधेरा १० घ.मी.ट्यांकी निर्माण | १५०००० |
| ९ | कुन्टे खा.पा.मुहान संरक्षण तथा मर्मत | १००००० |
| १० | बासारुख खानेपानी ट्यांकी निर्माण र जहरे खानेपानी ट्यांकी निर्माण | ५०००० |
| ११ | बिभिन्न खानेपानी मर्मत तथा पाइपलाइन विस्तार एकमुष्ट | ३००००० |
| | **जम्मा** | २२२५००० |
| | **पूर्वाधार विकास** | २५३०००० |
| | **७. सडक तथा पुल** | |
| १ | सालखोला जेविन्डाडा वर्वोट  मो.वा. स्तरउन्नती | २००००० |
| २ | दलममारे बुकेनी पातिहाल्ना मो.बा. स्तरउन्नती | १५०००० |
| ३ | चुजाठाटी उपल्लो वजार मो.वा.ढल निकास सहित RCC ढलान । | २५०००० |
| ४ | चौरपानी खाल्टेपानी सल्यानधारा मो.वा. स्तरउन्नती | २००००० |
| ५ | शिर्षेगैरा मुन्डाडा, चेन्टारी चौरपानी धरमपानी ह्उमपायप व्यवस्थापन | १००००० |
| ६ | खसिनिखर्क अगेराखोला पालुथान मो बो निरन्तरता | १००००० |
| ७ | विभिन्न मो बा स्तरोन्नती (ठुलापोखरा जुकेना, उपलोपँधेरा बड्डाडा गुरुल्याखर्क, मैदान पोखरी) श्रममुलक मात्र | १५०००० |
| ८ | विभिन्न घो बा स्तरोन्नती ( रिठापाटा धरमपानी, ठाटी उपल्लो पँधेर, तल्लो बन्चरे बुढदेबी, बुकेनी मसानघाट, सिउनीखोला च्यानटारी, उपल्लो चौथीलगाउने वानिया टोल) श्रममुलक मात्र | १६०००० |
| | **जम्मा** | १३१०००० |
| | **८. सिचाई** | |
| १ | सालखोला छापेखोला क्षेत्र सिंचाइ कुलो | २४०००० |
| २ | धुँवाखोला बन्चरे क्षेत्र सिंचाइ कुलो | २१५००० |
| ३ | मुडखोला क्षेत्र सिंचाइ कुलो | ११०००० |
| ४ | हरियापोखरी सिंचाइ पोखरी तथा पाइप समेत | ५५००० |
| ५ | विभिन्न सिंचाइ कुलो विस्तार पाइप समेत | १५०००० |
| | **जम्मा** | ७७०००० |
| | **९. भवन तथा सहरी विकास** | |
| १ | सामुदायीक भवन धरमपानी तरकारी संकलन केन्द्र निर्माण | २७५००० |
| २ | जेबिन्डाडा सामुदाकि भवनमा फर्निचर | ५०००० |

| | | |
|---|---|---|
| ३ | प्यूठान क्याम्पस भौतिक संरचना निर्माण सहयोग | १०००००० |
| ४ | रस्पुरकोट केयरपानी तथा बुकेनी मसानघाट प्रतिक्षलय मर्मत | २५००० |
| **जम्मा** | | ४५००००० |
| **वातावरण तथा विपद व्यवस्थापन विकास** | | ५९५००० |
| **१०. वन तथा भू संरक्षण** | | |
| १ | बरारुख सिंचाइ पोखरी बन्चरे | २०००० |
| २ | तुषारपानी राम्चे खानेपानी मूल संरक्षण | २०००० |
| ३ | कोरोना नियन्त्रण तथा व्यवस्थापनको लागि आयुर्वेद कार्यक्रम | ३०००० |
| **जम्मा** | | ७०००० |
| **११. वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन** | | |
| १ | गाउँबजार फोहोरमैला व्यावस्थापन | ९५००० |
| २ | बिद्यार्थी तथा टोल सुधार समिति फोहोरमैला व्यावस्थापन कार्यक्रम | ५०००० |
| ३ | धरमपानी स्वास्थ्य चौकी सरसफाई तथा फोहोरमैला व्यवस्थापन | १५०००० |
| ४ | बाताबरण संग बालबालिका कार्यक्रम | ५०००० |
| ५ | बिद्यालय सरसफाइ अभियान तथा सम्मान  कार्यक्रम | ५०००० |
| **जम्मा** | | ३९५००० |
| **१२. जलाधार संरक्षण** | | |
| १ | **भकुण्डे पोखरी, उपल्लो पोखरा पोखरी मर्मत** | ५५००० |
| २ | चिदियार खानेपानी निमार्ण चौरपानी | २५००० |
| **जम्मा** | | ८०००० |
| **१३. विपद् व्यवस्थापन, वारुण यन्त्र संचालन** | | |
| १ | छापेखोला मुरुखोला नदी नियन्त्रणका लागी तारजाली | ५०००० |
| **जम्मा** | | ५०००० |
| **संस्थागत विकास तथा सेवा प्रवाह** | | १२५००० |
| **१४. संस्थागत विकास सेवा प्रवाह र पञ्जिकरण व्यवस्थापन** | | |
| १ | साबिक रस्पुरकोट गा.बि.स.६, ७, ८, ९को पंजिकरण उतार गर्नकालागी ब्यबस्थापन खर्च | २५००० |
| जम्मा | | २५००० |
| **१५. सूरक्षा व्यवस्थापन** | | |
| १ | चुँजाठाटि प्रहरी चौकी व्यवस्थापन | १०००००० |
| | | १०००००० |
| **जम्मा** | | **६२७५०००** |

# वार्षिक विकास कार्यक्रम वडा नं ४

# आ.ब. २०७७/०७८

| विषय क्षेत्रगत बजेट विनियोजन | | |
|---|---|---|
| सि.नं. | योजनाको नाम | |
| | **आर्थिक विकास** | **५00000** |
| | **१. कृषि** | |
| १ | हाट बजार व्यवस्थापन | १00000 |
| | **जम्मा** | **१00000** |
| | **२. पर्यटन** | |
| १ | भट्टाचौर पिक्नीक स्पोटमा ट्रस र धारा निर्माण | २00000 |
| २ | देसिनी डाँडामा हिल पार्क निर्माण | २00000 |
| | **जम्मा** | ४00000 |
| | **सामाजिक विकास** | **१५९0000** |
| | **३. शिक्षा** | |
| १ | प्यूठान क्याम्पस भौतिक संरचना निर्माण | १00000 |
| | जम्मा | १00000 |
| | **४. स्वास्थ्य** | |
| १ | सारिबाङ गाउँघर क्लिनिक निर्माण | १५0000 |
| २ | प्राथमिक स्वास्थ्य केन्द्र खलंगा व्यवस्थापन | २00000 |
| | जम्मा | ३५0000 |
| | **५. खानेपानी तथा सरसफाई** | |
| १ | हाँडिखोला मुख्याटोल खानेपानि टेंकि निर्माण र स्नान गृह | १५0000 |
| २ | कैनपानि लामपाटा देखि माझखण्ड तल्लोखण्ड लिफ्ट खानेपानि निर्माण | ४00000 |
| ३ | आधारभूत आ वि मा खानेपानी टंकी निर्माण | १00000 |
| ४ | भेतिपाटा कालिपाता ठूलाराटोल बुढाचौर खानेपानी पाइपलाइन विस्तार | १५0000 |
| | **जम्मा** | ८00000 |
| | **६. लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | |
| १ | युवा खेलकुद कार्यक्रम | १५0000 |
| २ | जनजाति महिलाहरुलाई पहिचान झल्कने पोषाक | ५0000 |
| ३ | ज्येष्ठ नागरीक सम्मान कार्यक्रम | ४0000 |

| | | |
|---|---|---|
| ४ | सिलाई कटाई तालिम | १००००० |
| **जम्मा** | | **३४००००** |
| **पूर्वाधार विकास** | | **३०१००००** |
| **७. सडक तथा पुल** | | |
| १ | महेन्द्र मा.वि. देखि शिवालय जाने मो.बा स्तरउन्नती | १००००० |
| २ | मल्लरान पर्यटकिय क्षेत्र स्तरोन्नती ( श्रममुलक मात्र ) | २००००० |
| ३ | महेन्द्र मा.वि मा कम्पाउण्ड वाल सहित खेल मैदान निर्माण | ३००००० |
| **जम्मा** | | **६०००००** |
| **८. सिंचाई** | | |
| १ | बड्डाडा चौरमा दूइ ओटा पोखरी निर्माण | ५०००० |
| २ | कजुवाखोला रातटारी सिचाइ कुलो निर्माण | १००००० |
| ३ | तिनधारामा भल व्यवस्थापन | ६०००० |
| **जम्मा** | | २१०००० |
| **९. भवन तथा सहरी विकास** | | |
| १ | बाहुनटोलमा अधुरो प्रतिक्षालय निरन्तर | १५०००० |
| २ | लोकतान्त्रीक मञ्चमा रेलिङ्ग निर्माण | २००००० |
| ३ | जम्दार्नी चौतारामा रेलिङ्ग सहितको ट्रस निर्माण | २००००० |
| ४ | सत्यदेवि अतिथि भवन निरन्तर निर्माण | २००००० |
| ५ | सत्यबराह सहकारी भवन निरन्तर निर्माण | २००००० |
| ८ | हिटिधारामा रेलिङ्ग सहितको सिढिं निर्माण | १५०००० |
| ९ | जनजागृती मा.वि मा सिढि र पर्खाल निर्माण | ३००००० |
| १२ | लाम्बेला सिढि निरन्तर निर्माण | १००००० |
| १३ | सुपा देउराली मन्दिर निर्माण | १००००० |
| ६ | आँपघारीमा बाटो र धारा निर्माण | १५०००० |
| ८ | ओम बहुउध्येसिय सहकारी भवन निर्माण | २००००० |
| ९ | टोप्रेखर्क मुर्दाघाट बाटो निरन्तरता | १००००० |
| १० | तल्लो लाम्वेला ट्रस सहितको प्रतिक्षालय निर्माण | १००००० |
| ११ | कृष्ण मन्दिरको ट्रसमा वाल निर्माण | ५०००० |
| **जम्मा** | | **२२०००००** |
| **जम्मा** | | **५१०००००** |

| | | |
|---|---|---|
| **वार्षिक विकास कार्यक्रम वडा नं ५** | | |
| **आ.ब. २०७७/०७८** | | |
| विषय क्षेत्रगत बजेट विनियोजन | | |
| **सि.नं.** | **योजनाको नाम** | |
| **आर्थिक विकास** | | **२२५००००** |
| **१. पशु** | | |
| १ | ट्रेविज निर्माण | ७५००० |
| २ | परिजिवि नियन्त्रण पशु पालन तर्फ | २५००० |
| **जम्मा** | | **१००००००** |
| **२. पर्यटन** | | |
| १ | वर्मा थान मन्दिरको गेट निर्माण | ५०००० |
| २ | जातजाति तथा भेषभुषा संस्कृति कार्यक्रम ( मारुनी नाच, पञ्चेबाजा ) | ७५००० |
| **जम्मा** | | १२५००० |
| **सामाजिक विकास** | | **११६००००** |
| **३. शिक्षा** | | |
| १ | विद्यार्थी सिकाई कुना व्यवस्थापन | १००००० |
| २ | घमानसिंह बालविकास केन्द्र रिठिखर्क भवन प्लाष्टर | १००००० |
| ३ | प्यूठान क्याम्पस भौतिक संरचना निर्माण | १००००० |
| ४ | टाकुरा बालविकासमा घेरा पर्खाल निर्माण | १००००० |
| **जम्मा** | | **४०००००** |
| **४. स्वास्थ्य** | | |
| १ | सुनौलो हजार दिनका आमाहरुलाई वडा अध्यक्ष कोसेली कार्यक्रम | १००००० |
| २ | खैरा स्वास्थ्य चौकी व्यवस्थापन | ५०००० |
| **जम्मा** | | **१५००००** |
| **५. खानेपानी तथा सरसफाई** | | |
| १ | सतमुनि खैराकोट लिफ्ट खा.पा. अनुदान | १००००० |
| २ | मानिखोला ट्याङकी निर्माण तथा पाईप विस्तार | ८०००० |
| ३ | पधेरखोला रिठिखर्क खा.पा. मर्मत | १००००० |
| ४ | घैडांडा रिजर्भ ट्याङकी निर्माण | ९०००० |
| **जम्मा** | | **३७००००** |
| **६. लैंगिक समानता तथा सामाजिक समावेशीकरण** | | |
| १ | **दलितहरुका लागी सचेतना कार्यक्रम** | ४०००० |

| | | |
|---|---|---|
| २ | महिला, जनजाती, दलितहरुका लागी स्वरोजगार हुने खालका विभिन्न सिप मूलक तालिम ( तारजाली बुनाई , चोया चित्रा बुनाई, शैलुन तालिम) | २००००० |
| | | २४०००० |
| **पूर्वाधार विकास** | | **३१२५०००** |
| **७. सडक तथा पुल** | | |
| १ | रामपानी कान्द्रेखोला वडा कार्यालय मो.वा. निरन्तरता | ५००००० |
| २ | कुमिकोट काँत्रेखोला जोरपोखरी घोरथापा धुदि हुँदै वडा कार्यालय मो बा व्यवस्थापन | २००००० |
| ३ | रप्चु सिम मो.बा. निरन्तरता | २००००० |
| ४ | घोरथापा घर्तिटोल हुदै घोरथापा प्रा.वि. मो.बा. निरन्तरता | १००००० |
| ५ | लिस्टारी हुदै प्यू.न. पा. १ जोडने मो.बा. निरन्तरता | १००००० |
| ६ | बेल्डांडा मेसिनरी वाल निर्माण | १००००० |
| ७ | सरडकोट देखि भुमे मन्दिर सम्म मो. बा. निरन्तरता | २००००० |
| ८ | पलासे कान्द्राखोला मो.बा. निरन्तरता | १००००० |
| **जम्मा** | | **१५०००००** |
| **८. सिचाई** | | |
| १ | झाक्रीस्थान धुदी सिचाई कुलो बाधमा तारजाली लगाउने (श्रममुलक मात्र) | ३००००० |
| **जम्मा** | | **३०००००** |
| **९. भवन तथा सहरी विकास** | | |
| १ | कुमिकोट खेल मैदान स्तरोन्नती तथा प्रतिक्षालय निर्माण | ३००००० |
| २ | जगटे खोलामा मसान घाट प्रतिक्षालय निर्माण | १००००० |
| ३ | बाजबारी प्रतिक्षालय निर्माण | १००००० |
| ४ | जोरपोखरी प्रतिक्षालय निर्माण | १००००० |
| ५ | वडा कार्यालयको कम्पाउण्ड वाल निर्माण | २७५००० |
| ६ | घोरथापा प्रा.वि. को भवन निर्माण | ३००००० |
| ७ | भुमि विकास आ.वि. कम्पाउन्ड वाल निर्माण | १५०००० |
| **जम्मा** | | **१३२५०००** |
| **वातावरण तथा विपद व्यवस्थापन विकास** | | **४२००००** |
| **१०. वातावरण संरक्षण तथा फोहरमैला व्यवस्थापन** | | |
| १ | तल्लो रप्चु पहिरो व्यवस्थापन | ७०००० |
| २ | भुतेखोला मूल सुंरक्षण | ५०००० |
| ३ | उपल्लो रप्चुमा भल व्यवस्थापन | ७५००० |

| | | |
|---|---|---|
| ४ | पिपलनेटा भल व्यवस्थापन तथा मेसिनरी वाल निर्माण | ७५००० |
| ५ | कुमिकोट भल व्यवस्थापन | ५०००० |
| **जम्मा** | | **३२००००** |
| **११. जलाधार संरक्षण** | | |
| १ | रिचार्ज पोखरी निर्माण (घोरथापा, रामपानी बड्डांडा, लिस्टारी, पधेरचौर) | १००००० |
| **जम्मा** | | **१०००००** |
| **संस्थागत विकास तथा सेवा प्रवाह** | | ७०००० |
| **१२. कार्यालय व्यवस्थापन** | | |
| १ | वडा भवन परिसरमा बाटिका निर्माण तथा वृक्षारोपण | ७०००० |
| | | **७००००** |
| **जम्मा** | | ५०००००० |